# केदारस्यूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या २०७९।०८०
चलानी नं. :

मिति : २०७९/१०/१२

**विषय : विषय विशेषज्ञ/विज्ञ सूचीमा सुचिकृत हुने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा केदारस्यूँ गाउँपालिका शिक्षा समितिको मिति २०७९।०९।२२ गते बसेको वैठकले केदारस्यूँ गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा रिक्त रहेका प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी र वाल विकास सहजकर्ता पदहरुमा करारमा प्रचलित कानुन बमोजिम प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी र वाल विकास सहजकर्ता नियुक्ति गर्न छनोट गर्ने प्रयोजनका लागि विषय विशेषज्ञ/विज्ञ सूची तयार गर्ने निर्णय गरेकोले यस स्थानीय तह अन्तरगतका सामुदायिक विद्यालयहरुमा कार्यरत सबै प्रकारका ईच्छुक शिक्षकहरुले सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र विषय विशेषज्ञ/विज्ञ सूचीमा सुचिकृत हुन तपसिल बमोजिमका कागजातहरुसहित यस कार्यालयको शिक्षा, यूवा तथा खेलकुद शाखामा आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

पदमराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल:**

१. विषय विशेषज्ञ/विज्ञ सूचीमा सुचिकृत हुन पाउँ भन्ने व्यहोराको निवेदन।
२. शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु।
३. स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि।
४. नियुक्ति तथा बढुवा पत्रका प्रमाणित प्रतिलिपिहरु।
५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
६. आधारभूत तहको विषय विशेषज्ञ/विज्ञका लागि रु. २,०००।- र माद्यमिक तहको विषय विशेषज्ञ/विज्ञका लागि रु. २,५००।- राजश्व तिरेको नगदी रसिद।
७. प्रश्नपत्र वैंक स्थापना गर्न जुन तहको विषय विशेषज्ञ/विज्ञका लागि आवेदन पेश गर्ने हो सोही तहको निर्धारित पाठ्यक्रम बमोजिमको सामान्य र विषयगत प्रश्नपत्रहरु २ सेट।

*द्रष्टव्य: म्याद नाघी आएका र रीतपूर्वक नभएका निवेदन उपर कुनै कारवाही हुने छैन।*